# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, चैत ६ गते २०५१ साल (अतिरिक्ताङ्क ५२ (ग+२)

## भाग ३

श्री ५ को सरकार

वाणिज्य मन्त्रालयको

सूचना १

### नेपाल व्यापार प्रवर्द्धन समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५१

नेपाल व्यापार प्रवर्द्धन समिति (गठन) आदेश, २०२७ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "नेपाल व्यापार प्रवर्द्धन समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल व्यापार प्रवर्द्धन समिति (गठन) आदेश, २०२७ को दफा २ मा संशोधनः नेपाल व्यापार प्रवर्द्धन समिति (गठन) आदेश, २०२७ (यस पछि 'मूल आदेश' भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–

"२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) 'समिति' भन्नाले दफा २क. बमोजिम गठन भएको नेपाल व्यापार प्रवर्द्धन समिति सम्झनु पर्छ ।

9837

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) 'अध्यक्ष' भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) 'सदस्य' भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(घ) 'कार्यकारी निर्देशक' भन्नाले दफा ८ बमोजिम नियुक्त समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यो आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।"

३. मूल आदेशमा दफा २क. र २ख. थप: मूल आदेशको दफा २ पछि देहायका दफा २क. र २ख. थपिएका छन्:–

"२क. नेपाल व्यापार प्रवर्द्धन समितिको गठन: (१) नेपाल व्यापार प्रवर्द्धन समिति नामको एक समितिको गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहने छन्:–

| | |
|---|---|
| (क) श्री ५ को सरकारले तोकेको व्यक्ति | – अध्यक्ष |
| (ख) प्रतिनिधि, वाणिज्य मन्त्रालय | – सदस्य |
| (ग) प्रतिनिधि, अर्थ मन्त्रालय | – सदस्य |
| (घ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | – सदस्य |
| (ङ) प्रतिनिधि, नेपाल समुद्रपार निकासी पैठारी संघ | – सदस्य |
| (च) प्रतिनिधि, नेपाल हिमालपार व्यापार संघ | – सदस्य |
| (छ) श्री ५ को सरकारले तोकेको उद्योग तथा वाणिज्य क्षेत्रका ख्याति प्राप्त दुई जना | – सदस्य |
| (ज) कार्यकारी निर्देशक | – सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(४) समितिले आवश्यक देखेमा निकासी तथा पैठारी व्यापारमा संलग्न सम्बन्धित विषयका ख्यातिप्राप्त व्यक्तिहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

२ख. समितिको उद्देश्य: समितिको उद्देश्य देहाय बमोजिम हुनेछ:–

(क) निकासी प्रवर्द्धन तथा पैठारी व्यवस्थापनमा आवश्यक सेवा सूचनाको आदान-प्रदान गर्ने,

१४३६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) निकासी प्रवर्द्धन तथा पैठारी व्यवस्थापनमा निजी क्षेत्रलाई बढी भन्दा बढी सहभागी गराउने,

(ग) देशको निकासी प्रवर्द्धन तथा पैठारी व्यवस्थापनमा व्यापारिक सिद्धान्तको अवलम्बन गर्ने,

(घ) निकासी तथा पैठारी व्यापारलाई मुलुकको आर्थिक विकास कार्यक्रमसँग आवद्ध गरी निकासी व्यापारलाई मुलुकको वैदेशिक व्यापारको मूल आधारको रूपमा विकास गर्ने,

(ङ) निकासी व्यापारमा वृद्धि गराइ देशको व्यापार घाटालाई अनुकूल बनाउँदै लैजान उपयुक्त कार्यक्रम संचालन गर्ने।

(च) व्यापारिक ज्ञान र शीपको अभिवृद्धि गराउनको लागि निकासी तथा पैठारी व्यापारमा संलग्न व्यापारी, व्यवसायी वा निकायहरू बीच समन्वय कायम गर्ने,

(छ) वैदेशिक व्यापारको संस्थागत विकासका लागि आवश्यक पर्ने संस्थाहरूको संरचना, नीति तथा संचालनको लागि सहयोग गर्ने,

(ज) विदेशी मुद्रा लगायतका उपलब्ध साधनहरूको अधिकतम सदुपयोग गरी पैठारीलाई व्यवस्थित गर्ने कार्यक्रमहरू तर्जुमा गर्न सघाउ पुऱ्याउने।"

४. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

"३. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) देशको व्यापार विस्तार र विकास गर्न सहयोग पुऱ्याउने,

(ख) निकासी सम्भाव्यता अध्ययन, निकासी योग्य वस्तुहरूको अनुसन्धान तथा विकास, निकासी उन्मुख परियोजनाहरूको पहिचान र विकास समेतको लागि आवश्यक पर्ने कार्यक्रमहरूको तर्जुमा गरी सम्बन्धित निकायहरू बीच समन्वयात्मक रूपमा कार्यक्रमहरू संचालन गर्ने,

(ग) नयाँ निकासिजन्य वस्तुहरूको पहिचान र वस्तु वर्गीकरण जस्ता कार्यहरू गरी यस्ता वस्तुहरू तथा विद्यमान निकासीजन्य वस्तुहरूको लागि उपयुक्त बजार पहिचान गरी वस्तुगत तथा बजारगत विविधिकरण गर्न सहयोग गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) एक्सपोर्ट हाउस, ज्वाइन्ट एक्सपोर्ट ग्रुप तथा यस्तै किसिमका संगठनहरूको स्थापना तथा विकासमा सहयोग पुऱ्याउने,

(ङ) सम्बन्धित अन्तर्राष्ट्रिय निकायहरूबाट निकासी विकास तथा पैठारी व्यवस्थापन कार्यमा प्राविधिक सहयोग उपलब्ध गरी उपयोग गर्ने,

(च) निकासी उन्मुख तथा पैठारी प्रतिस्थापन परियोजनाहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट लगानी प्रवाहित गराउन विशेष प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गर्ने।

(छ) वैदेशिक व्यापारलाई देशको आर्थिक विकाससंग आवद्ध गरी उपयुक्त प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने,

(ज) पैठारी व्यापारलाई व्यवस्थित गर्न आवश्यक सूचना र तथ्यांक संकलन गरी प्रचार-प्रसार गर्ने, गराउने,

(झ) वैदेशिक व्यापारमा देखापरेका समस्याहरू समाधान गर्न सहयोग गर्ने,

(ञ) निकासीकर्ताहरूलाई आवश्यक पर्ने निर्यात सेवाहरू नियमित रूपमा प्रदान गर्नको लागि व्यापारिक वस्तुहरू र बजारहरू बारे अध्यावधिक सूचना, तथ्याँक एवं व्यापारिक अवसरहरू सम्बन्धी जानकारी प्रदान गर्ने,

(ट) निकासी योग्य वस्तुहरूको गुणस्तर अभिवृद्धिको लागि आवश्यक पर्ने व्यावसायिक तथा प्राविधिक परामर्श दिने,

(ठ) नयाँ वस्तुहरूको बजार प्रवर्द्धन तथा बजार परीक्षण गर्न सहायता पुऱ्याउने,

(ड) स्वदेशी तथा विदेशी क्रेता तथा बिक्रेताहरूको व्यापारिक भेटघाट, गोष्ठी, कार्यशाला, तालिम आदि कार्यक्रम संचालन गर्ने,

(ढ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजना र सहभागिताको लागि सेवा र सहायता प्रदान गर्ने,

(ण) गुणस्तर नियन्त्रण एवं सुधार, प्याकेजिङ, निकासी ऋणको विस्तार तथा सुदृढीकरण, बीमा, ढुवानी आदिको सरलीकरण तथा निकासी कारोवारसंग सम्बन्धित अन्य सेवाहरूको प्रवर्द्धन गराउन सहयोग गर्ने,

१४३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(त) समितिको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(थ) समितिले गरेको कार्य तथा प्रगतिको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने,

(द) यस आदेशको अधिनमा रही समितिले निर्धारण गरेको तथा श्री ५ को सरकारले तोकेका अन्य कार्य गर्ने ।"

५. <u>मूल आदेशको दफा ४ मा संशोधनः</u> मूल आदेशको दफा ४ को सट्टा देहाएको दफा ४ राखिएको छः-

"४. <u>समितिको बैठक र निर्णयः</u> (१) समितिको बैठक अध्यक्षले तोकेको मिति' समय र स्थानमा बस्नेछ ।

तर वर्षमा कम्तीमा चार पटक समितिको बैठक बस्नु पर्नेछ ।

(२) समितिका एकतिहाई सदस्यहरूले समितिको बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले अध्यक्षको स्वीकृत लिई बैठक बोलाउनेछ ।

(३) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

६. <u>मूल आदेशको दफा ५ मा संशोधनः</u> मूल आदेशको दफा ५ को सट्टा देहाएको दफा ५ राखिएको छः–

"५. <u>समितिको कोषः</u> (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाएका रकमहरू रहनेछन्ः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारबाट अनुदान स्वरुप प्राप्त रकम,

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग वा अनुदान ।

तर यसरी सहयोग लिनु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(ग) वैदेशिक व्यापार कारोबारका लागि विशेष अध्ययन, अनुसन्धान वा परियोजना संचालन गरी सो वापत सेवा शुल्क लगाएर प्राप्त गरेको रकम,

(घ) समितिले उपलब्ध गराएको परामर्श, तालीम वा अन्य सेवा वापत प्राप्त रकम,

(ङ) कुनै निजी संघ संस्था एवं व्यापारी वर्गलाई सदस्यता प्रदान गरी सदस्यता वापत प्राप्त शुल्क,

(च) स्वदेशी तथा विदेशी निजी संघ संस्था वा व्यक्तिबाट प्राप्त ऋण, उपहार,

(छ) कुनै उद्योग तथा व्यवसायमा लगानी प्रवाहित गरेर प्राप्त भएको मुनाफा,

(ज) अन्य आयमूलक कार्यमा लगानी गरेर प्राप्त भएको रकम,

(झ) आफ्नो चल अचल सम्पत्तिको बेच बिखन वा बहालबाट प्राप्त रकम,

(ञ) विगत वर्षको निमित्त छुट्याइएको बजेटमध्ये खर्च नभै बाँकी रहन गएको रकम,

(ट) समितिलाई अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिने छ ।

(४) समितिले स्वदेश वा विदेश स्थित कुनै वाणिज्य बैंकहरूको खातामा रकम जम्मा गरी आफ्नो कोषलाई संचालन गर्न सक्नेछ ।

तर यसरी विदेश स्थित वाणिज्य बैंकमा खाता खोल्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) समितिको कोषको संचालन तोकिए बमोजिम हुनेछ "

७. मूल आदेशको दफा ६ मा संशोधनः मूल आदेशको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :–

9880



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६ लेखा र लेखापरीक्षण: (१) समितिको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा उक्त विभागले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाब–किताब जाँच्न वा जचाउन सक्नेछ ।"

८. मूल आदेशको दफा ७ मा संशोधन: मूल आदेशको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ:–

"७. सेवा शुल्क लिन सक्ने: समितिद्वारा प्रदान गरिने सेवा, परामर्श तथा सिफारिशको लागि तोकिए बमोजिमको सेवा शुल्क वा दस्तुर समितिले लिन सक्नेछ"

९. मूल आदेशको दफा ८ मा संशोधन: मूल आदेशको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ:–

"८. कार्यकारी निर्देशकको नियुक्ति: (१) समितिको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य संचालनको लागि श्री ५ को सरकारले एकजना कार्यकारी निर्देशक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त, सुविधा र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।"

१०. मूल आदेशमा दफा ८ क, ८ ख, ८ ग र ८ घ, थप: मूल आदेशको दफा ८ पछि देहायका दफा ८ क, ८ ख, ८ ग, र ८ घ, थपिएका छन्:–

"८क. कर्मचारी सम्बन्धी व्यवस्था: (१) समितिको कार्य संचालनको लागि समितिले आवश्यक कर्मचारीहरू नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त, सुविधा र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

८ख. अधिकार प्रत्यायोजन: समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्यहरूको उपसमिति, कार्यकारी

१५४९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्देशक वा समितिका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८ग. नियमहरू बनाउन सक्ने: समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ ।

८घ. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वाणिज्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।"

## सूचना २

श्री ५ को सरकारले नेपाल व्यापार प्रवर्द्धन समिति (गठन) आदेश २०२७ को दफा २ क. को उपदफा (२) को खण्ड (क) र (छ) ले दिएको अधिकार प्रयोग गरी नेपाल व्यापार प्रवर्द्धन समितिमा देहायका व्यक्तिहरूलाई अध्यक्ष र सदस्यहरूमा तोकेको छः–

१. सचिव, वाणिज्य मन्त्रालय — अध्यक्ष
२. श्री मिनबहादुर गुरूङ्ग, काठमाडौं — सदस्य
३. श्री कृष्ण महर्जन, वालकुमारी, ललितपुर । — सदस्य

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको का. मु. सचिव

१४४२



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार